# गल्याङ नगरपालिकाको
# नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन कार्यविधि- २०७९

**कार्यपालिकाबाट स्वीकृत मितिः २०७९ /११/२५**

**गल्याङ नगरपालिका, स्याङ्जा गण्डकी प्रदेश, नेपाल**

नगर प्रहरी संचालन तथा व्यवस्थापन कार्यविधि -२०७९

**गल्याङ नगरपालिकाको**
**नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन कार्यविधि – २०७९**

**प्रस्तावना :**

नेपालको संविधानको अनुसूची ८, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड (क) (१) को व्यवस्थालाइ नगरपालिका क्षेत्रमा आवश्यक शान्ति तथा सुव्यवस्था कायम गरी नगरपालिका एवं नगर क्षेत्र भित्रको सार्वजनिक सम्पत्तिको सुरक्षा एवं संरक्षण गर्न, नगरपालिकाका निर्णयहरुको कार्यान्वयन गर्न, आपतकालीन अवस्थामा राहत र उद्धारको कार्य गर्न, अनधिकृत निर्माण तथा सार्वजनिक सम्पत्तिको अतिक्रमण रोकथाम तथा नियन्त्रण गर्न र छाडा पशु चौपायाको नियन्त्रण सम्बन्धी कार्य गर्न कार्यान्वियन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम गल्याङ नगर कार्यपालिकाले यो "गल्याङ नगरपालिकाको नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन कार्यविधि-२०७९ तर्जुमा गरी जारी गरेको छ ।

## परिच्छेद- १

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ** : (१) यो कार्यविधिको नाम "गल्याङ नगरपालिकाको नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन कार्यविधि-२०७८" रहेको छ

(२) यो कार्यविधि गल्याङ नगरपालिका नगर कार्यपालिकाको बैठकबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

क. "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्दछ ।

ख. "तोकिएको वा तोकिए बमोजिम" भन्नाले नगर कार्यपालिकाले समय समयमा निर्णय गरी तोकिएको वा तोकिए बमोजिमको व्यवस्था सम्झनु पर्दछ ।

ग. "नगर कार्यपालिका" भन्नाले गल्याङ नगर कार्यपालिका भन्ने सम्झनु पर्दछ ।

घ. "नगरपालिका" भन्नाले गल्याङ नगरपालिका सम्झनु पर्दछ ।

ङ. "नगर प्रहरी कर्मचारी" भन्नाले नगर प्रहरी अधिकृत, जवानको रुपमा नियुक्त कर्मचारीलाई सम्झनु पर्दछ ।

च. "नगर प्रहरी प्रमुख भन्नाले आफू मातहतको जनशक्तिलाई आन्तरिक रुपमा कमाण्ड गर्ने सिनियर नगर प्रहरी कर्मचारी भन्ने सम्झनु पर्दछ । यस शब्दले नगर प्रहरी प्रमुख नियुक्त नभएसम्म नगर प्रहरी कर्मचारीको कमाण्ड गर्ने हवल्दार वा सिनियर प्रहरी जवानलाई समेत जनाउनेछ ।

छ. "प्रमुख" भन्नाले गल्याङ नगरपालिकाको प्रमुखलाई सम्झनु पर्दछ ।

ज. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गल्याङ नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ

झ. "सभा" भन्नाले गल्याङ नगरपालिकाको नगरसभा सम्झनु पर्दछ ।

ञ. "समिति" भन्नाले गल्याङ नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७४ को दफा ५ बमोजिमको पदपूर्ति समितिलाई सम्झनु पर्दछ ।

ट. "सेवा करार" भन्नाले यस कार्यविधि बमोजिम स्वीकृत दरवन्दीमा कुनै व्यक्तिको सेवा करारमा लिने सम्झौता गरी सेवा करारमा लिने कार्य सम्झनु पर्दछ ।

## परिच्छेद-२

### नगर प्रहरीको क्षेत्राधिकार, सेवा गठन, रेखदेख र नियन्त्रण

**३. नगर प्रहरीको कार्य क्षेत्राधिकार** : नगर प्रहरी कर्मचारीको क्षेत्राधिकार प्रमुख प्रशासकीय अधिकृतले तोके बमोजिम गल्याङ नगरपालिका भित्र मात्र रहनेछ ।

**४. नगर प्रहरी सेवाको गठन** : नगरपालिकामा प्रशासन सेवा अन्तरगत एक नगर प्रहरी सेवाको गठन गरिनेछ । नगर प्रहरी समूह अन्तरगत रहने प्रहरी कर्मचारीहरुको दरवन्दी संख्या र पदपूर्ती सम्वन्धी व्यवस्था अको व्यवस्था नभएसम्म यो कार्यविधि अनुसार हुनेछ ।

**५) समूह अन्तरगत रहने नगर प्रहरी कर्मचारीको पद :** (१) नगरपालिकामा रहने नगर प्रहरी कर्मचारीको पद देहाय अनुसार हुनेछ ।

(क) नगर प्रहरी हवल्दार

(ख) नगर प्रहरी जवान

(२) उपदफा (१) अनुसारका पदहरुमध्ये आवश्यकता अनुसारका पदहरु र ती पद अन्तर्गत रहने नगर प्रहरी कर्मचारीको दरवन्दी र संख्या नगरसभाले स्वीकृत गर्नेछ ।

(३) उपदफा (२) बमोजिम स्वीकृत दरवन्दी मध्ये रिक्त भएको पदमा यो कार्यविधि तथा नगरपालिकाको प्रचलित कानून बमोजिम पदपूर्ति गर्दा दफा १० बमोजिम पदपूर्ति गरिनेछ ।

(४) नगर प्रहरी प्रमुख लगायत नगर प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकार यसै कार्यविधिमा व्यवस्था गरिए अनुसार हुनेछ र सोही आधारमा कार्यविवरण तोकि काममा लगाउने छ ।

## परिच्छेद ३
## नगर प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकार

**६. नगर प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकार** : (१) नगर प्रहरी कर्मचारीहरु हमेशा आफ्नो ड्यूटीमा रहेको मानिनेछ । निजलाई जुनसुकै बखत पनि काममा लगाउन सकिनेछ ।

(२) नगर प्रहरी कर्मचारीको काम कर्तव्य र अधिकार देहाय अनुसार हुनेछ :

(क) सार्वजनिक आवागमनमा बाधा अवरोध पुयाई राखिएका निर्माण सामाग्रीहरु त्यस्ता पसल/व्यवसायबाट हटाउन लगाउने, नमानेमा आफै हटाई हटाउन लाग्ने खर्च सम्बन्धित व्यक्तिबाट असूल उपर गर्न पेश गर्ने ।

(ख) नगर क्षेत्रभित्र दैनिक उत्पादन हुने फोहरमैला निर्धारित समय र स्थानमा राख्न लगाउने, अटेर गर्नेलाई कानून बमोजिम कारवाही गर्न पेश गर्ने ।

(ग) सार्वजनिक जग्गा, बाटो, मठ मन्दिर, ढल नाला, चोक, पोखरी मिची कसैले घर कम्पाउण्ड, टहरा वा त्यस्तै अन्य निर्माण कार्य गरेको अथवा व्यक्तिगत रुपले प्रयोग गरेको छ छैन निरीक्षण गर्ने । निर्माण वा अतिक्रमण गरेको देखिएमा निर्माण कार्य रोक्का गरी कानून शाखा मार्फत निर्णय गर्ने अधिकारी समक्ष पेश गर्ने, आदेश अनुसार गर्ने गराउने ।

(घ) नगर क्षेत्र भित्र कसैले भवन निर्माण गर्दा अनियमित ढंगले निर्माण कार्य गरेको देखिएमा नक्सापास भए नक्सापासको प्रमाण पत्र सहितको प्रतिवेदन सम्बन्धित शाखा मार्फत निर्णय गर्ने अधिकारी समक्ष पेश गर्ने, मापदण्ड विपरित देखिई भत्काउने आदेश भएमा आदेशानुसार गर्ने गराउने ।

(ङ) छाडा पशुचौपाया पक्राउ गरी लिलामका लागि पेश गर्ने, लिलाम हुन नसकेका छाडा पशुचौपाया नगरपालिकाले तोके बमोजिम व्यवस्थापन गर्ने, गराउने ।

(च) स्वास्थ्यका लागि हानिकारक वस्तु तथा सढेगलेको खाद्य पदार्थ विक्री वितरणमा रोक लगाउने । तोकिएका मापदण्ड विपरित सडेगलेको हानिकारक वस्तु विक्रि गरेको पाईएमा पहिलो पटक भए जफत गरी गाड्न लगाउने । पटक पटक यस्तो कार्य दोहरिएमा नियमानुसार जरिवाना गर्न वा पसल बन्द गर्न, गराउन राय साथ पेश गर्ने ।

(छ) रोगी वा कानूनले निषेध गरेका पशुपंक्षी काटमार गर्न नदिने र त्यस्ता पशु पंक्षीको मासु विक्री वितरणमा रोक लगाउने । अटेर गरेमा जफत गरी नष्ट गर्ने र नियमानुसार कारवाहीका लागि राय सहित पेश गर्ने ।

(ज) छाडा कुकुर नियन्त्रण सम्बन्धी कार्य गर्ने । बेवारिस, मरेका पशुपंक्षिको समयमै उचित व्यवस्थापन गर्न लगाउने ।

(झ) सडक आवागमन वा सर्व साधारणको लागि जोखिम देखिएका रुखहरु काट्न लगाउने । जोखिमपूर्ण घर, पर्खाल भए सोको लिखित प्रतिवेदन पेश गरी आदेशानुसार गर्ने गराउने ।

(ञ) वडा समिति, टोल विकास संस्था वा अन्य सामाजिक संघ संस्था र सुरक्षा निकायसँगको सहकार्यमा सरसफाई, सुरक्षा र सामाजिक विकृति हटाउने कार्य गर्ने गराउने ।

(ट) नगर कार्यपालिका, विभिन्न समिति, उप-समिति विभाग तथा शाखाहरुबाट लागु हुने नीति नियम, निर्णय, मापदण्ड र नगरपालिकाको विद्यमान कानून कार्यान्वियन गर्ने ।

(ठ) नगरमा सु-व्यवस्था कायम गर्ने, नगरपालिकाको चल अचल सम्पत्ति, भवन, जग्गा, पार्क, मेशिन, उपकरण आदिको सुरक्षा गर्ने ।

(ड) नगरपालिका क्षेत्रमा इजाजत विना पेशा व्यवसाय गरेको फेला परेमा सम्बन्धित निकायबाट पेशा/व्यवसायको दर्ता नविकरण गर्न लगाउने ।त्यस्ता पेशा/व्यवसाय नगरपालिका दर्ता भए नभएको र दर्ता भए पनि नविकरण भए नभएका हेरी दर्ता वा नविकरण गर्न लगाउने ।

(ढ) नगर क्षेत्रमा भित्ते लेखन, पोल व्यानर, क्रस व्यानर र विज्ञापन नीतिले निषेध गरेको विज्ञापन प्रचार प्रसार सामाग्री तथा पोष्टर टाँस्ने कार्यमा पूर्णतया प्रतिबन्ध लगाउने, अटेर गर्नेलाई कारवाही गर्ने ।

(ण) बिना इजाजत व्यानर, होडिङ्ग बोर्ड ग्लोबोर्ड लगाएतका अन्य विज्ञापन सामाग्री राखेको पाइएमा नियन्त्रणमा लिई इजाजत लिन लगाउने, नमानेमा कारवाही गर्ने ।

(त) नगरपालिकाले सञ्चालन गर्ने वा भाग लिने सभा, सम्मेलन, तालिम, अभ्यास आदि जस्ता कार्यक्रमहरुमा सुरक्षा पदान गर्ने र तोकिए बमोजिम नगरपालिकाको तर्फबाट प्रतिनिधित्व गर्ने ।

(थ) नापतौलका सामाग्रीको चेक जाँच गर्ने, पसल /व्यवसाय स्थलमा मूल्य सूची राख्न लगाई नियमित अनुगमन गर्ने ।

(द) होटल, रेष्टुरेण्ट, गेष्ट हाउस, मसाज, पार्लर जस्ता व्यावसायमा हुने गतिविधिहरुको निरीक्षण गर्ने, मापदण्ड अनुरुप सञ्चालन भएको नदेखिएमा कारवाहीको लागि पेश गर्ने ।

(ध) नगरपालिका क्षेत्रभित्र सार्वजनिक स्थलमा तास-जुवा लगायतका विकृतिजन्य क्रियाकलापमा रोक लगाउने । अनुमति विना जादु, सर्कस र आर्थिक संकलन गर्ने प्रकृतिका विभिन्न खेलहरु सञ्चालन गर्न नदिने ।

(न) नगरपालिकाका क्षेत्रभित्र सञ्चालनमा आएका अस्थायी प्रकृतिका बजारहरुको रेखदेख गर्ने, व्यापारीहरुको लगत राख्ने ।

(प) अरुलाई बाधा पुग्ने गरी लाउड स्पिकर, रेडियो तथा ध्वनी उत्पादन गर्ने अन्य उपकरण प्रयोग गर्न नदिने ।

(फ) ध्वनी, धुँवा, प्रकाश अथवा अन्य कुनै कारणले सार्वजनिक रुपमा बाधा पुग्ने गरी उद्योग धन्दा, व्यापार, व्यवसायवा अन्य कुनै किसिमको कार्यक्रम सञ्चालन गर्न वा सार्वजनिक रुपमा बाधा पुग्ने गरी व्यक्ति बिशेषले कुनै कार्य गर्न रोक लगाउने कुनै उद्योग व्यपार व्यवसाय वा व्यक्तिले कुनै कार्य गर्दा प्रदुषण उत्पन्न भएमा त्यसलाई नियन्त्रण गर्न लगाउने ।

(ब) पार्किङ्ग स्थलको रेखदेख र व्यवस्थापन गर्ने ।

(भ) नगर क्षेत्र भित्रका निजी सुरक्षा गार्ड आपूर्ति व्यवसाय सञ्चालन गर्ने फर्म, कम्पनी सञ्चालकहरुको सूची तयार गरी राख्ने र अनुगमन गर्ने ।

(म) दमकल सेवालाई २४ सै घण्टा चुस्त र दुरुस्त राख्नको लागि दमकल कर्मचारीलाई आवश्यक सहयोग पुऱ्याउने ।

(य) विपद्, माहामारी भएमा उद्धार तथा राहतका लागि तुरुन्त परिचालित हुने ।

(र) नगरपाकिका मातहतका शाखा, आयोजना, कार्यक्रम अन्तरगत तोकिए बमोजिमका कार्यहरु गर्ने गराउने ।

(ल) माथि खण्ड (र) बमोजिमका शाखा, आयोजनाबाट कार्यावयनका लागि प्राप्त भएका आदेश तथा निर्देशन कार्यान्वयन गरी सो को विवरण तोकिएको समय भित्र उपलब्ध गराउने ।

(व) न्यायिक समितिले आदेश गरे बमोजिम सम्बन्धित पक्षहरु कहाँ म्याद तामेली गर्ने र पूर्जी, सूचना बुझाउने

(श) न्यायिक समितिले गरेका मिलापत्र तथा निर्णय कार्यान्वयन गर्ने ।

(ष) नगरपालिकाको सुरक्षा गर्ने, पालोपहरा दिने, मर्यादा पालकको कार्य गर्ने ।

(स)नगरपालिकाबाट तोकिएका अन्य कार्यहरु गर्ने गराउने ।

(२) उपदफा (१) बमोजिमका कार्यहरु गर्दा नगर प्रहरी कर्मचारीले स्थानीय प्रहरीसंग समन्वय गरेर कार्य गर्नु पर्नेछ ।

(३) नगर प्रहरी कमर्चारीको कार्य विवरण तयार गर्दा उपदफा (१) अन्तरगत उल्लेख भएका काम, कर्तव्य र अधिकारलाई आधार मानी तयार गरिनेछ ।

(४) यस दफा बमोजिम नगर प्रहरी कर्मचारीले कारबाही गर्दाअसुल गर्ने जरिवाना रकम तथा कुनै सामग्री हटाउँदा लागेको खर्च अशुल सम्बन्धी व्यवस्था आर्थिक ऐनले तोके बमोजिम हुनेछ ।

## परिच्छेद- ४
## दरवन्दी श्रृजना र पदपूर्ती सम्वन्धी व्यवस्था

**७. पद तथा दरवन्दी श्रृजना सम्वन्धी व्यवस्था** : (१) नगरपालिकामा रहने नगर प्रहरीको विभिन्न पद/तह तथा दरवन्दीको श्रृजना र खारेजी सम्बन्धी व्यवस्था नगरसभाले निर्णय गरे बमोजिम हुनेछ ।

(२) दरवन्दी श्रृजना तथा खारेजीका लागि प्रस्ताव पेश गर्नु भन्दा अघि सो पद श्रृजना गर्नु पर्ने कारण, प्रस्तावित पदले गर्नु पर्ने कामको विवरण, मौजुदा दरवन्दीबाट थप गरेको कार्यबोझ सम्हाल्न सक्ने नसक्ने अवस्था, आर्थिक क्षमता तथा प्रस्तावित पदले संगठनात्मक स्वरुपमा पर्ने प्रभाव समेतका विषयहरु स्पष्ट गरी सभा समक्ष पेश गर्नु पर्नेछ । उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि यो कार्यविधि लागु हुनु भन्दा अगाडि नगरसभाबाट स्वीकृत भएका नगर प्रहरीका कर्मचारीका दरबन्दीहरु यसै कार्यविधिमा उल्लेखित प्रक्रिया अनुसार स्वीकृत दरबन्दी मानिनेछन ।

**८. नगर प्रहरी कर्मचारीको शुरु नियुक्ति हुने पदहरु :**

(१) स्थानीय कर्मचारी सम्बन्धी ऐन तथा नियमावली जारी नहुँदासम्म नगर प्रहरी हवल्दार र नगर प्रहरी जवानका पदहरुमा दफा १० बमोजिम खुला प्रक्रियाद्वारा पूर्ति गरीनेछ । अन्य पदहरुमा आन्तरिक मूल्याङ्कनद्धारा पदपूर्ति गरिनेछ ।

| सि.न | पद | खुल्ला प्रक्रियाद्वारा | आन्तरिक मुल्यांकन मार्फत | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १ | नगर प्रहरी हवल्दार | १००% | - | १००% | |
| २ | नगर प्रहरी जवान | १००% | - | १००% | |

२) नगरपालिकाको आन्तरिक श्रोत तथा नगर प्रहरीको आवश्यकता र औचित्य पुष्टि हुन आएमा नगर प्रहरीको दरबन्दी संरचनालाई पुनरावलोकनका लागि नगर सभामा पेश गरिने छ । तत्कालका लागि नगर सभाबाट स्वीकृत भए अनुसार हवल्दारको नेतृत्वमा चार जना सिपाही सहित ५(पाँच) नगर प्रहरीको पदपूर्ति गरिने छ ।

**९. नियुक्ति गर्ने अधिकारी :** नगर प्रहरी कर्मचारी छनौट तथा सिफारिश समितिको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले नगर प्रहरीको नियुक्ति गर्नेछन् ।

**१०. पदपूर्ती गर्ने तरिका** : (१) नगर प्रहरी कर्मचारीको पदपूर्ती देहाय वमोजिम खुला प्रक्रियाद्वारा पूर्ति गरीनेछ ।

**११. खुल्ला प्रक्रियाद्वारा पदपूर्ति हुने पदको आवश्यक योग्यता :**

(१) नगर प्रहरी हवल्दार पदको आवश्यक योग्यता देहाय अनुसार हुनेछ

(क) दरखास्त आह्वान हुँदाको बखत २१ वर्ष उमेर पुगेको र ४० वर्ष ननाघेको । भू.पु. सैनिक वा प्रहरीका हकमा ४५वर्ष ननाघेको ।

(ख) नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रमाण पत्र वा सो सरह उत्तीर्ण गरेको ।

(ग) नैतिक पतन देखिने कनै फौजदारी अभियोगमा सजाय नपाएको ।

(घ) महिलाहरुको लागि घटीमा ५ फिट र पुरुषको लागि घटीमा ५ फिट २ इन्च उचाई भएको ।

(ङ) छाती नफुल्लाउँदा घटीमा ३१ ईन्च र फुल्लाउँदा ३३ ईन्च भएको ।

(च) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।

(छ) नेपाली नागरिकताको प्रमाण पत्र भएको ।

(ज) स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाण पत्र प्राप्त गरेको ।

(झ) नेपाली सेना, सशस्त्र प्रहरी वा नेपाल प्रहरीबाट अवकाश प्राप्त गरेको वा सुरक्षा गार्ड सम्बन्धी कम्तीमा दुई महिनाको तालिम प्राप्त गरेको ६ महिना नाघी सकेको ।

(२) नगर प्रहरी जवानमा खुला प्रक्रियाद्वारा पदपूर्ति गर्दा आवश्यक पर्ने योग्यता देहाय अनुसार हुनेछ ।

(क) दरखास्त आह्वान हुँदाको बखत १८ वर्ष उमेर पूरा भएको र ४० वर्ष ननाघेको । भू.पु.सैनिक वा प्रहरीका हकमा ४५वर्ष ननाघेको ।

(ख) मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.ई.ई. वा सो सरहको परीक्षा उत्तीर्ण गरेको ।

(ग) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको ।

(घ) महिलाहरुको लागि घटीमा ५ फिट र पुरुषको लागि घटीमा ५ फिट २ इन्च उचाई भएको ।

(ङ) छाती नफुल्लाउँदा घटीमा ३१ ईन्च र फुल्लाउँदा ३३ ईन्च भएको ।

(च) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।

(छ) नेपाली नागरिकताको प्रमाण पत्र भएको ।

(ज) स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाण पत्र प्राप्त गरेको ।

(झ) नेपाली सेना, सशस्त्र प्रहरी वा नेपाल प्रहरीबाट अवकाश प्राप्त गरेको वा सुरक्षा गार्ड सम्बन्धी कम्तीमा दुई महिनाको तालिम प्राप्त गरेको ६ महिना नाघी सकेको ।

**(१२) पदपूर्ति समिति :** नगर प्रहरी कर्मचारीको पदपूर्ति गर्दा गल्याङ नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७४ को व्यवस्था अनुसार प्रमूख प्रशासकीय अधिकृतको संयोजकत्वमा तोकिए बमोजिमको सदस्य रहने गरी नगर प्रहरीको पदपूर्ति समिति हुनेछ । नगर प्रहरीको पदपूर्तिको लागि छनौट प्रक्रियामा स्थानीय प्रहरी कार्यालयको अधिकृत प्रहरी कर्मचारीलाई विज्ञको रुपमा आमन्त्रण गरिनेछ ।

**१३. सेवा करार सम्बन्धी व्यवस्था :** (१) समितिले खुला प्रक्रियाद्वारा पद पुर्ति हुने पदमा आवश्यक योग्यता पुगेका व्यक्तिहरुलाई निजहरुको योग्यता परीक्षण गरी सेवा करारमा नियुक्ति गर्न नगर कार्यपालिकाको कार्यालयमा सिफारिस गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सिफारिस भै आएको उम्मेदवारलाई नगर कार्यपालिकाको कार्यालयले सेवा करारमा नियुक्ति गर्नेछ ।

(३) उपदफा (२) बमोजिम सेवा करारमा लिने निर्णय गर्दा सेवा करारको अवधि, पाउने पारिश्रमिक तथा अन्य सुविधा समेत उल्लेख गरी निर्णय गर्नु पर्नेछ ।

(४) उपदफा (२)र(३) बमोजिमको निर्णय पश्चात प्रमुख प्रशासकीय अधिकृतले सेवा शर्तहरु र सुविधाका कुराहरुसमेत प्रष्ट उल्लेख गरी सेवा करामा लिने व्यक्तिसंग वढीमा १ वर्षका लागि सेवा करार सम्झौता गर्नु पर्नेछ ।

(५) सम्झौता बमोजिम सेवा करारको अवधि समाप्त भए पश्चात पनि सेवा करारमा लिएको व्यक्तिको सेवा सन्तोषजनक भएमा नगर कार्यपालिकाको निर्णय बमोजिम सेवा करारको अवधि थप गरी प्रमुख प्रशासकिय अधिकृतले पुनः सम्झौता गर्न सक्नेछ ।

(६) यस दफा बमोजिम सेवा करारमा नियुक्ति हुने व्यक्तिले सम्झौतामा उल्लेख भए बाहेकका अन्य कुनै सुविधा, सहुलियतको दावि गर्न पाउने छैन ।

(७) यस दफा बमोजिम सेवा करारमा नियुक्ति गर्दा तत् तत् पदलाई आवश्यक पर्ने योग्यता समेतलाई आधार लिई नियुक्ति सम्वन्धी कारवाही अगाडी वढाउनु पर्नेछ ।

(८) नयाँ नियुक्ति भएको प्रहरी कर्मचारीले प्रमुख प्रशासकीय अधिकृत समक्ष अनुसूची १ बमोजिमको ढाँचामा सपथग्रहण गर्नु पर्नेछ ।

**१४. आपूर्तिकर्तासँगबाट सेवा करारमा सुरक्षा जनशक्ति प्राप्त गर्न सकिने :** नगरपालिकाले सुरक्षा जनशक्ति आपूर्ति व्यवसाय सञ्चालन गर्ने कुनै फर्म, कम्पनी सञ्चालकहरुबाट सेवा करारका विभिन्न शर्तहरु तोकी निश्चित समयका लागि यस कार्यविधिमा तोकिएको योग्यता पुगेका व्यक्तिलाई सेवा करार सम्झौताद्वारा आपूर्तिको व्यवस्था गर्न सक्नेछ

## परिच्छेद - ५
## नगरपालिका प्रशासन र नगर प्रहरी बीचको सम्बन्ध

**१५. प्रशासनको नियन्त्रणमा रहने :** (१) समस्त नगर प्रहरी कर्मचारी नगर कार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृत र प्रशासन शाखा प्रमुखको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रहनेछन् ।

(२) नगर प्रहरी अनुशासन र आन्तरिक खटन पटन सम्बन्धी कार्य सामान्यतया नगर प्रहरी प्रमुखले गर्नेछन् ।

**१६. नगर प्रहरी प्रमुख सम्बन्धी व्यवस्था :** (१) यस कार्यविधि बमोजिम नियुक्त नगर प्रहरी हवल्दारले नगर प्रहरी प्रमुखको कार्य गर्नेछ ।

(२) नगर प्रहरी प्रमुखको अनुशासन र आन्तरिक खटन पटन गर्ने कार्य प्रशासन शाखा प्रमुखले गर्नेछ ।

(३) प्रशासन शाखा प्रमुखले नगर प्रहरी प्रमुख र नगर प्रहरी कर्मचारीको अनुशासन र आन्तरिक खटन पटन गर्ने कार्य गर्दा प्रमुख प्रशासकीय अधिकृतसंग समन्वय गर्नु पर्नेछ ।

**१७. दोहोरो जिम्मेवारी दिन सकिने :** यस कार्यविधि बमोजिम नगर प्रहरी जवानमा नियुक्त नगर प्रहरी कर्मचारीलाई नगर कार्यपालिकाको कार्यलयको सुरक्षाको लागि सुरक्षा गार्डको साथै आवश्यकता अनुसार मर्यादा पालकको रुपमा समेत कार्य सम्पादन गर्ने गरी जिम्मेवारी दिन सकिनेछ ।

## परिच्छेद-६
## विदा सम्बन्धी व्यवस्था

**१८. विदा अधिकारको कुरा होइन :** (१) नगर प्रहरी कर्मचारीले अधिकारको रुपमा विदाको दावी गर्न पाउने छैन ।

(२) विदा स्वीकृत गर्ने अधिकारीले आफ्नो स्व-विवेकले विदा स्वीकृत, अस्वीकृत गर्न सक्नेछ । निजले विदा बसेको नगर प्रहरीको विदा रद्द गरी बोलाई काममा लगाउन सक्नेछ ।

**१९. विदा सम्बन्धी व्यवस्था :** नगर प्रहरीले पाउने बिदाको सम्बन्धमा सेवा करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ । सेवा करार सम्झौतामा उल्लेख नभएकोमा सार्वजनिक विदा (पालो मिलाई बस्नुपर्ने बाहेकमा) वाहेक मासिक एक दिन (भैपरी तथा पर्व) बिदा पाउनेछन ।

(३) विदा लिने विधि, विदा सम्बन्धी शर्तहरु र अन्य कुराहरु नगरपालिकाको कर्मचारी प्रशासन सम्बन्धी विद्यमान कानून बमोजिम हुनेछ ।

**२०.विदा स्वीकृत नगराई कार्यालयमा अनुपस्थित हुने उपर कारवाही :** विदा नलिई कार्यालयमा अनुपस्थित हुने नगर प्रहरी कर्मचारीलाई गयल गरी तलब कट्टी गरीनेछ ।

**२१. कारण देखाई बिदा बसेमा कारवाही हुने :** झुटो काराण देखाई बिदा बसेको पाईएमा त्यस्तो प्रहरी कर्मचारीको भागीदार हुनेछ ।

## परिच्छेद ७
## आचरण

**२२. नगर प्रहरीको आचरण :** नगर प्रहरी कर्मचारीले देहाय बमोजिमको आचरणको पालना गर्नु पर्नेछ ।

(क) नगर प्रहरी कर्मचारी हमेशा ड्यूटीमा लागी रहेको मानिनेछ । निजलाई जुनसुकै समयमा काममा लगाउन सकिनेछ । निज नियमित रुपमा आफ्नो ड्यूटीमा खटिएको हुनु पर्नेछ । अधिकार प्राप्त अधिकारीबाट बिदाको निकाशा नगराई अनुपस्थित हुन पाईने छैन ।

(ख) आफ्नो कार्यालयको काममा कुनै असर पर्ने गरी आफू वा परिवारका सदस्य समेतले नगरपालिकाको पूर्व स्वीकृती बिना कोही कसै संगबाट दान, वक्स पुरस्कार वा उपहार स्वीकार गर्नु हुदैन ।

(ग) कुनै किसिमको चन्दा माग्न वा लिन हुदैन ।

(घ) आफू वा आफ्ना परिवारको नाममा कुनै अचल सम्पत्ति खरीद गर्नु पर्दा नगरपालिकाको स्वीकृती लिनु पर्नेछ ।

(ङ) आफू वा आफ्ना परिवारका सदस्यको नाममा रहेको चल अचल सम्पत्ति नगद, सुन, चाँदी, शेयर र बैंक ब्यालेन्स विवरण सहितको सम्पत्ति विवरण सेवा प्रवेश गरेको ३ महिना भित्र र हरेक आर्थिक वर्ष समापन भएको मितिले ६० दिन भित्र यस्तो अद्यावधिक विवरण नगरपालिकामा पेस गर्नु पर्नेछ ।

(च) नगरपालिकाको स्वीकृती बेगर कुनै व्यापार व्यवसाय गर्न पाइनेछैन ।

(छ) नगरपालिकामा आफ्नो कर्तव्य पालनाको सन्दर्भमा वा कार्यालयका आफ्नो जानकारीमा आएका कुनै सूचनाहरु नगरपालिकाको आख्तियारी बिना कोही कसैलाई दिनु हुदैन ।

(ज) रेडियो वा कुनै पत्र पत्रिकामा वेनामी कुनै लेख प्रकाशित गर्न वा प्रसारण गर्नु हुदैन तर साहित्यिक रचनाहरु प्रकाशन गर्न पाइनेछ ।

(झ) नगरपालिकालाई खलल पुग्ने गरी वा नगरपालिकाका नीति विरुद्ध कुनै भाषण, संवाद वा लेख रचना प्रकाशन गर्न पाइने छैन ।

(ञ) निर्वाचनमा कुनै पनि राजनैतिक दलका लागि मत माग्ने वा निर्वाचनमा प्रभाव पार्ने उद्देश्यले भाग लिनु हुदैन । तर प्रचलित कानून बमोजिम गोप्य मताधिकारको प्रयोगमा भने बाधा पर्नेछैन ।

(ट) समय पालन वा नियमिततामा नगर प्रहरी कर्मचारी चुस्त दुरुस्त हुनु पर्नेछ ।

(ठ) आफ्नो कर्तव्य तत्परताका साथ पालन गर्नु पर्नेछ ।

(ड) आफू भन्दा माथिका अधिकृतले दिएको आदेश पालना गर्ने र माथिका अधिकृतहरु उपर उचित आदर देखाउनु पर्नेछ

(ढ) आफ्नो मतलव साध्य पार्न कुनै अनुचित प्रभाव पार्नु हुदैन ।

(ण) बहु बिवाह, वाल विवाह र अनमेल विवाह गर्नु हुदैन । प्रचलित कानून विपरित हुने गरी विवाह गर्नु गराउनु हुदैन ।

(त) नगरपालिकाको आलोचना गर्न पाइने छैन ।

## परिच्छेद ८
## सजाँय र पुनरावेदन

**२३. सजाँय** : (१) उचित र पर्याप्त कारण भएमा नगर प्रहरी कर्मचारीलाई प्रशासन शाखा प्रमुखको सिफारिशमा प्रमुख प्रशासकीय अधिकृतले देहाय बमोजिम सजाँय गर्न सकिनेछ :

**(क) नसिहत वा लिखित चेतावनी दिने :** नगर प्रहरी कर्मचारीहरुले काममा लापरवाही गरेमा निजलाई नसिहत दिन सकिनेछ। देहायको कसुर गरेको अवस्थामा निजलाई नसियत दिईनेछ ।

(१) सन्तोषजनक काम नगरेमा ।

(२) अनुशासनहिन काम गरेमा ।

(३) आचारण सम्बन्धी नियमहरु उलंघन गरेमा ।

(४) मनासिव कारण नभई वा विदा स्वीकृत नगराई विदा बसेमा वा गैर हाजिर भएमा ।

(५) दिएको आदेश निर्देशन नमानेमा वा कार्यान्वयन नगरेमा।

(६) लापरवाही गरेमा वा नियम आदेश पालना नगरेमा ।

**(ख) तलब कट्टा गर्ने :** नगर प्रहरी कर्मचारीले बिदा स्वीकृत नगराई लगातार ३ दिनसम्म कार्यालयमा अनुपस्थित रहेमा सो अवधिको दामासाहीले हुन आउने रकम निजले पाउने तलबबाट कट्टा गरिनेछ ।

**(ग) नोक्सानी भएको बिगो असुल गर्ने :** प्रहरी कर्मचारीको लापरबाहीको कारण नगरपालिकालाई हानी नोक्सानी भएमा त्यसरी नोक्सानी भएको बिगो बराबरको रकम निजलाई भुक्तानी दिनु पर्ने जुनसुकै स्रोत वा अन्य स्रोतबाट सरकारी बाँकी सरह असुल उपर गरीनेछ ।

**(घ) सेवाबाट बरखास्त गर्ने** : नगर प्रहरी कर्मचारीलाई सेवाबाट हटाउनु पर्ने पर्याप्त प्रमाण र कारण भएमा स्पष्टिकरण सहित सामान्य प्रक्रियाबाट सजाँय गरी सेवाबाट हटाउन सकिनेछ । यस्तो सजाय सम्बन्धित विभागीय प्रमुखको सिफारिसमा प्रमुख प्रशासकिय अधिकृतले गर्नेछ ।

(क) अयोग्यताको कारणले आफ्नो पदिय जिम्मेवारी पूरा र दायित्व पूरा गर्न नसक्ने भएमा ।

(ख) राजनीतिमा भाग लिएमा ।

(ग) बारम्वार अनुशासनहीन काम गरेमा ।

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहर भएमा

(ङ) आफ्नो पद अनुसारको आचरण नगरेमा ।

(च) पालोमा रहेको अवस्थामा वा नरहेको अवस्थामा पनि उर्दिको पोशाक लगाई कुनै मादक पदार्थ सेवन गरी हिंडेमा वा जथाभावि गरेमा ।

(छ) भ्रष्टाचार गरेमा ।

(ज) आचारण सम्बन्धी नियमहरु बराबर उलंघन गरेमा ।

(झ) मनासिव कारण नभई वा विदा स्वीकृत नगराई लगातार ३ दिन भन्दा बढी अवधीसम्म विदा बसेमा वा गैर हाजिर भएमा ।

(२) प्रहरी कर्मचारीलाई यस दफा बमोजिम कारबाही गर्नु भन्दा पहिला निजलाई सफाईको मौका दिईनेछ ।

## परिच्छेद- ९
## तलब, भत्ता तथा अन्य सुबिधा सम्बन्धी व्यवस्था

**२४. नगर प्रहरीको तलब भत्ता सम्बन्धी व्यवस्था :** (१) नगरपालिकामा सेवा करारमा नियुक्ति हुने नगर प्रहरीको तलब, भत्ता र अन्य सुविधा सेवा करार सम्झौतामा उल्लेख भए बमोजिम उपलव्ध गराइनेछ । सो वाहेक अन्य सुविधा उपलब्ध हुने छैन ।

(२) नगर कार्यपालिकाले समय समयमा निर्णय गरी थप सेवा सुविधा उपलब्ध गराउन सक्नेछ ।

**२५. नगर प्रहरी कर्मचारीको पोशाक सम्बन्धी व्यवस्था :** (१) नगरपालिकाले नगर प्रहरी कर्मचारीले लगाउने पोशाकको रंग, किसिम, ड्रेस कोड तोकि दिन सक्नेछ ।

(२) नगरपालिकाले नगर प्रहरी कर्मचारीलाई वर्षको एक पटक नगरपालिकाका अन्य कर्मचारीहरुले पाए सरह पोशाक भत्ता उपलब्ध गराउनेछ । यस्तो पोशाक भत्ता प्रत्येक वर्षको चैत्र महिनाको तलब भत्ता भुक्तानी गर्दा साथै भुक्तानी दिईनेछ ।



नगर प्रहरी संचालन तथा व्यवस्थापन कार्यविधि -२०७९

(३) यस दफा बमोजिम तोकिए बमोजिमको पोशाक प्राप्त गर्ने प्रहरी कर्मचारीले अनिवार्य रुपमा त्यस्तो पोशाक लगाउनु पर्नेछ ।

## परिच्छेद - १०
## विविध

**२६. तालीम सम्बन्धी व्यवस्था :** (१) नगर प्रहरीलाई आधारभूत तालीमको अतिरिक्त समय समयमा पुनर्ताजगी तालिम उपलब्ध गराइनेछ ।

(२) यसरी दिइने तालीमको लागि विज्ञ समुहद्वारा पाठ्यक्रम तर्जुमा गरी सोही अनुरुप तालीम प्रदान गरिनेछ ।

(३) प्रत्येक पदमा कार्यरत प्रहरी कर्मचारीले तोकिए बमोजिमको तालीम अनिवार्य रुपमा लिनु पर्नेछ ।

(४) तालीम सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**२७. चाड पर्व खर्च पाउने :** नगर प्रहरी कर्मचारीले आफूले आफ्नो धर्म संस्कृती परम्परा अनुसार मनाईने मुख्य चाडपर्वमा खाइपाइ आएको एक महिना बराबरको तलब आर्थिक वर्षको एक पटक चाडपर्व खर्चको रुपमा प्राप्त गर्नेछन्

**२८. उमेर हद** : यस कार्यविधिको दफा १३ को उपदफा (५) मा जुनसुकै कुरा उल्लेख भएको भएतापनि नगर प्रहरी कर्मचारीलाई निजको उमेर ५८ वर्ष पुरा भए पछि निजलाई सेवा करारमा निरन्तरता दिईने छैन

**२९. बाधा अडकाउ फुकाउने अधिकार** : यस कार्यविधि कार्यान्वयन गर्ने सिलसिलामा कुनै बाधा अडकाउ आई परेमा त्यस्तो बाधा अडकाउ फुकाउने अधिकार नगर कार्यपालिकालाई हुनेछ ।

**३०. प्रचलीत कानून बमोजिम हुने** : यस कार्यविधिमा उल्लेख भएका विषयहरुमा यसै बमोजिम र अन्य विषयमा नगरपालिकाका प्रचलीत अन्य कानून तथा प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

**३१. कार्यविधिमा संशोधन :** यस कार्यविधि कार्यान्वयन गर्ने क्रममा संशोधन गर्नु पर्ने भएमा आवश्यकता अनुसार नगर कार्यपालिकाले संशोधन गर्न सक्नेछ । त्यस्तो संशोधन कार्यापालिकाबाट स्वीकृत भए पछि लागु हुनेछ ।

प्रमाणित मितिः२०७९/११/२५

आज्ञाले
दामोदर शर्मा
प्रमुख प्रशासकीय अधिकृत

नगर प्रहरी संचालन तथा व्यवस्थापन कार्यविधि २०७९